फिदिम नगरपालिका, पाँचथर र मेरिङदिन गाँउपालिका, ताप्लेजुङवीच विपद् व्यवस्थापन कार्यमा भएको

## समझदारी

**प्रस्तावना**: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २६ मा कार्य सञ्चालन गर्दा लागत, श्रोतको उपयोग र प्रभावकारी सेवा प्रवाहका साझा सरोकारका विषयहरूमा गाउँपालिका वा नगरपालिकावीच साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्ने सोही ऐनको दफा ११ को उपदफा (४) को को खण्ड ठ २ अनुसार स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन गर्न सक्ने व्यवस्था छ । विपद व्यवस्थापन र दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन जस्ता विषयमा पनि समन्वय,साझेदारी र सहकार्य गर्न सकिने व्यवस्था छ ।

ताप्लेजुङको मेरिङदिन गाँउपालिका दोभानमा २०७७ फागुन १८ गते आगलागीबाट जोखिममा परेका नागरिकलाई लक्षित गरी आपसी सहयोग र सहकार्य गर्नु मानवीय धर्म, नेपाली परम्परा र संस्कृति हो । यसमा फिदिम नगरपालिका र मेरिङदिन गाँउपालिकावीच आपसी समन्वय, सहयोग र सहकार्यका लागि देहाय अनुसारको समझदारी गरेका छौं ।

**समझदारी र सहकार्य**:

१. फिदिम नगरपालिकासंग भएको बारूणयन्त्र मेरिङदिन गाँउपालिकाको दोभानबजारको आगो नियन्त्रणका लागि सूचना पाउनासाथ परिचालन गरी आगो नियन्त्रणमा सहयोग उपलब्ध गराएको, आगामी दिनमा पनि यस्ता विपदमा आपसी सूचना आदानप्रदानबाट सहयोग र सहकार्य निरन्तर गरिनेछ ।

२. मेरिङदिन गाँउपालिकाले पूर्ण रूपमा आगो नियन्त्रण नभएसम्म वारूणयन्त्र तथा त्यसको प्रभावकारी परिचालन गरी रात्रीसमयमा समेत बारूणयन्त्रको उपयोग, सुरक्षा व्यवस्थापन र परिचालित जनशक्तिको नियन्त्रण, निर्देशन सहित श्रोतको प्रभावकारी परिचालनमा आवश्यक सहयोग गरेको, यस किसिमको समन्वय र सहकार्य आगामी दिनमा समेत निरन्तरता दिइनेछ ।

३. मेरिङदिन गाँउपालिका, दोभान बजारका विपदबाट जोखिममा परेका नागरिकको सुरक्षाका लागि बारूणयन्त्रमा परिचालित फिदिमका जनशक्तिबाट गर्नुपर्ने सहयोग र समन्वय प्रभावकारी रूपमा गरिएको, यस किसिमका आपसी सहकार्य, सहयोग र समझदारी आगामी दिनमा पनि कायम राखिनेछ ।

४. मेरिङदिन गाँउपालिका दोभान बजारमा आगलागीबाट धनसम्पतिको क्षति पुगेर जोखिममा परेका नागरिकका लागि सहयोग पुर्‍याउनु फिदिम नगरपालिकाको पनि कर्तव्य हो । यही सन्दर्भमा मिति २०७७/१२/१९ गतेको फिदिम नगरकार्यपालिकाको बैठकबाट सहयोग गर्ने निर्णय भए अनुसार फिदिम नगरपालिकाको कार्यालयको विपद व्यवस्थापन कोषबाट मेरिङदिन गाँउपालिकाको विपद व्यवस्थापन कोषमा रू १०५०००/- एकलाख पाँचहजार सहयोग गरिनेछ ।

५. फिदिम नगरपालिकाको विपद व्यवस्थापन कोषबाट मेरिङदिन गाँउपालिकाको विपद व्यवस्थापन कोषमा प्राप्त रकम सम्बन्धित कोषमा दाखिला गरी एकद्वार प्रणालीबाट पिडित नागरिकको राहत उद्धार र पुनस्थापनामा खर्च गर्नुपर्नेछ ।

६. मेरिङदिन गाँउपालिकालाई फिदिम नगरपालिकाबाट विपदका लागि प्राप्त रकम तथा सो रकम उपयोगका सम्बन्धमा आपसमा लिखित जानकारी आदानप्रदान गरिनेछ । यस किसिमको सहयोग, समन्वय, सहकार्य र समझदारी आपसमा निरन्तर गरिनेछ ।

७. विपद व्यवस्थापन सम्बन्धी यन्त्र उपकरण, सुरक्षा सामग्री, जनशक्तिको क्षमता विकास लगायतका कार्यमा स्थानीय तहवीच आपसी सहयोग, समन्वय तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सकिने भएकोले दुई पालिका वीच यस तर्फ कार्य गर्न अग्रसरता लिइनेछ ।

| फिदिम नगरपालिकाको तर्फबाटः | मेरिङदिन गाँउपालिकाको तर्फबाट |
|---|---|
| दस्तखतः..................<br>श्री ओनाहाङ नेम्वाङ<br>प्रमुख | दस्तखतः..................<br>श्री गणेश बहादुर लिम्बु<br>अध्यक्ष |
| दस्तखतः..................<br>श्री उर्मिला श्रेष्ठ प्रधान<br>उप-प्रमुख | दस्तखतः..................<br>श्री कल्पना तुम्बाहाम्फे<br>उपाध्यक्ष |
| दस्तखतः..................<br>श्री अम्विकाप्रसाद अधिकारी<br>प्रमुख प्रशासकीय अधिकृत | दस्तखतः..................<br>श्री डम्बर बहादुर आङदेम्बे<br>प्रमुख प्रशासकीय अधिकृत |
| दस्तखतः..................<br>श्री विनोद काफ्ले<br>लेखा प्रमुख | दस्तखतः..................<br>श्री मनकुमार खत्री<br>लेखा प्रमुख |
| मिति २०७७ चैत्र २७ गते रोज शुक्रबार शुभम् | |